नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय काठमाडौँ
काठमाडौँ
(प्रशासन शाखा)

2034
0651G192

# जागरुक उपभोक्ता ! जिम्मेवार बिक्रेता !!

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य।
- विना भेदभाव वस्तु वा सेवा खरिद गर्न पाउनु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य।
- आफूले प्रदान गर्ने वस्तु वा सेवाको नाम र सोको मूल्यसूची स्पष्ट रूपमा सबैले देख्ने ठाउँमा राख्नु बिक्रेताको कर्तव्य हो; हेर्न पाउनु उपभोक्ताको अधिकार।
- वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको मूल्य बराबरको बिजक प्राप्त गर्नु क्रेताको अधिकार हो; आफूले प्राप्त गरेको रकम बराबरको बिजक जारी गर्नु बिक्रेताको कर्तव्य।
- खरिद गर्न चाहेको वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर बारेमा सूचित हुन पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो सूचना दिनु बिक्रेताको कर्तव्य।
- वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य।
- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख छ छैन ख्याल गरौं। उपभोग्य मिति समाप्त भैसकेको वस्तु बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- बजारमा कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- खाद्य पदार्थलाई आकर्षक देखाउन अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं; सोको आधार प्रमाण सहित वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (https://crmis.doc.gov.np; टोलफ्री नं. ११३७) वा यसका क्षेत्रीय कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय काठमाडौंको इमेल daobabarmahal@gmail.com वा स्थानीय तहमा उजुरी दिई उपभोक्ता हितको संरक्षण गरौं।

उपभोक्ता हित संरक्षण अभियानमा
मेरो सहकार्य ! तपाईंको सहकार्य !! हामी सबैको सहकार्य !!!

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाण्डौं

कार्यालयको ठेगाना: बबरमहल, काठमाडौं
फोन नं.०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४५९८५ इमेल:daobabarmahal@gmail.com